राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८३/०१/२५ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।
प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८३/०१/२४ गते

प्रस्तावहरुः

१. हाल सम्मका कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा।
२. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।
३. बाल मैत्री वडा घोषणा सम्बन्धमा।
४. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्नुपर्ने।
२. राजपुर गाउँपालिकाको शिक्षा क्षेत्रको व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउन साथै बालअधिकार संरक्षण र बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने उद्देश्यले देहाय बमोजिमका कार्यविधिहरू स्वीकृत गर्नु पर्ने ।
   क) सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८३
   ख) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०८३
३. बालअधिकार संरक्षण, बालमैत्री सेवा प्रवाह, बाल सहभागिता अभिवृद्धि तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०८३ मा उल्लेखित सूचक तथा मापदण्डहरू क्रमशः पूरा गर्दै बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्ने उद्देश्यले राजपुर गाउँपालिका वडा नं. ५ लाई "बालमैत्री वडा" घोषणा प्रक्रियामा अगाडि बढाउनु पर्ने ।
४. अन्य निर्णयहरु

निर्णयहरुः

१. यस अघि बसेका कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक नै भएको र थप प्रगतिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले थप क्रियाशिलता अपनाउने।

२. देहाय बमोजिमका कार्यविधिहरू स्वीकृत गर्ने ।

ग) सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८३

घ) बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०८३

३. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०८३ बमोजिम राजपुर गाउँपालिका वडा नं. ५ लाई "बालमैत्री वडा" घोषणाका लागि बिनौट गर्ने साथै प्रक्रियामा अगाडि बढाउने ।